यस महाशाखाको आ.ब.०७४।७५ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम "सामुदायिक इकाईको प्रभावकारिता अध्ययन" सम्बन्धि कार्य गर्न सम्बन्धित क्षेत्रमा कार्यानुभव भएका रजिष्टर्ड ईच्छुक नीजि तथा गैह्र सरकारी परामर्शदाता संस्थाहरुबाट यो सूचना प्रकाशन भएको १५ दिन भित्र तपसिलमा उल्लेख भए बमोजिमको सिलबन्दी दरभाउपत्र सहितको (प्राविधिक र आर्थिक ) प्रस्ताव यस महाशाखामा कार्यालय समय भित्रै लिई नियमानुसार दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१.सेवाको प्रकृति तथा सेवा सम्बन्धि विवरणः कार्यक्रम सम्पन्न गर्न ईच्छुक नीजि तथा गैह्र सरकारी परामर्शदाता संस्थाले तोकिएका जिल्लाका स्थानीय निकाय मागहतका सामुदायिक स्थास्थ्य इकाईको TOR मा उल्लेख भएवमोजिम प्रभावकारिता अध्ययन गर्नु पर्नेछ

२.प्रस्ताव सम्बन्धि कागजातः कार्य क्षेत्रगत शर्त सहितको प्राविधिक तथा आर्थिक प्रस्ताव फारम प्राप्त गर्न संस्थाले रु.१०००।०० (एक हजार) निम्नानुसारको राजश्व खातामा दाखिला गरी सो को सक्कलै भौचर साथ आफ्नो लेटर प्याडमा संस्थाको छाप लगाएको, आधिकारिक व्यक्तिले यस महाशाखामा निवेदन दिनु पर्नेछ । निवेदन साथ संस्था दर्ता नविकरण भएको प्रमाणपत्र, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त स्थायी लेखा नम्बर, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.ब. ०७३।०७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत पेश गर्नुपर्नेछ ।

- राजश्व शिर्षक नं. १४२२७
- कार्यालय कोडः २७३७०११
- वैंक खाता नं. ११००१
- कार्यालयः स्वास्थ्य सेवा विभाग
- बैंक रा.बा.बैंक,टेकु शाखा

३.प्रस्ताव दाखिला गर्नु पर्ने अन्तिम मिति र स्थानः सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२ बजे सम्म भित्र महाशाखाबाट खरिद गरिएकै फारम साथ संलग्न राखि प्राविभिक तथा आर्थिक प्रस्ताव

फारमको कार्यक्षेत्रगत शर्त तथा निर्देशन महलमा लेखिएका बुँदाहरु अध्ययन गरी सोही बमोजिम भरी भराई दस्तखत र छाप लगाई प्राविधिक र आर्थिक प्रस्ताब छुट्टा छुट्टै खाममा सीलबन्द गरेर अर्को खाममा राखि पुन सिलबन्दी गरी यस महाशाखामा दर्ता गराउनुपर्नेछ ।

४.प्रस्ताब खोलिने मिति र स्थानः सूचना प्रकाशन भएको १६ औं दिन दिनको १३ बजे यसै महाशाखामा सम्भव भएसम्म सिलबन्दी दरभाउपत्र दाता  वा निजको प्रतिनिधिको रोहबरमा सिलबन्दी प्रस्ताब फारमहरु नियमानुसार   खोलिनेछ ।

५.प्रस्ताबको मुल्यांकनः प्रस्ताबको मुल्यांकन गर्ने अंकभार प्रस्ताब फारममा तोकिए बमोजिम हुनेछ । पहिले प्राविधिक प्रस्ताबको मुल्यांकन गरी सो मा उत्तीर्ण हुने प्रस्ताबकको मात्र आर्थिक प्रस्ताब खोलि मुल्यांकन गरिनेछ ।

६.प्रस्ताबको छनौटः प्रस्ताबको छनौट गुणस्तर र लागत विधीबाट गरिनेछ ।

७.संयुक्त उपक्रम Joint Venture मा काम गर्ने प्रस्तावदाताहरुले निवेदन दिंदा दुबै पक्षको तर्फबाट मुख्य भई काम गर्ने संस्था÷फर्म खुलेको विवरण, दुई पक्षका वीचमा कम्तिमा आ.व. २०७४÷७५ सम्म उक्त सेवा प्रदान गर्नका लागि भएको सम्झौताको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।

८. प्रस्तावको छनौट सार्वजनिक खरिद नियमावलीको अनुसार गरिने छ । प्राविधिक प्रस्तावमा उत्तीर्ण हुने प्रस्तावदाताको प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गरिनेछ ।

९.प्रस्ताव फाराम खरिद गर्ने वा प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा  त्यसको लगत्तै कार्यालय खोलेको दिन खरिद वा दर्ता गर्न सकिने छ । कानुनी ग्राहयता प्राप्त नगरेका, तोकिए बमोजिम रीतपूर्वक भरी प्राप्त नभएका, प्रमाण कागजात संलग्न नगरेका र तोकिएको समय सिमा भित्र दर्ता नभएका प्रस्ताव/निवेदन मान्य हुने छैनन् ।

१०.यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४   तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

प्रस्ताब सम्बन्धि थप विस्तृत जानकारी तथा सम्पर्कका लागिः

प्रा.स्वा.सेवा पुनर्जागरण महाशाखा,टेकु,काठमाण्डौ ।

महाशाखाको website: phcrd.gov.np

नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य सेवा बिभाग

प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा

टेकु काठमाडौँ

१ प्राबिधिक प्रस्ताब सम्बन्धि विवरणहरु:

१.१ प्रस्ताब माग गर्ने निकायको नाम र ठेगाना: स्वास्थ्य सेवा बिभाग, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा, टेकु, काठमाडौँ

१.२ सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण:

क) गर्नुपर्ने सेवाको प्रकृति: यस परामर्श सम्बन्धी कार्य अन्तर्गत सामुदायिक स्वास्थ्य इकाईको प्रभावकारिता अध्ययन सम्बन्धि अध्ययन कार्यको लागि संलग्न कार्य क्षेत्रगत शर्तमा उल्लेख भए अनुसार गर्नु पर्नेछ ।

ख) सेवा प्रदान गर्नुपर्ने अबधि: सम्झौता भएको मितिवाट ४५ दिन भित्रमा ।

ग) स्थान: स्वास्थ्य सेवा बिभाग, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा,टेकु, काठमाडौँ

घ) सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम: नेपाल सरकारको बिध्यमान नीति, राष्ट्रिय योजना, स्वास्थ्य सम्बधि नीति तथा कार्यक्रम, कार्यक्षेत्रगत शर्त एवं स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य सेवा बिभागले यस सम्बन्धमा दिएका निर्देशन अनुरुप आवश्यक सामग्री अध्ययन गरि राष्ट्रिय, अन्तर्राष्ट्रिय अनुभब यबम प्रचलनको आधारमा अन्तर्गत सामुदायिक स्वास्थ्य इकाईको प्रभावकारिता अध्ययन सम्बन्धि अध्ययन कार्य संचालन गर्नुपर्नेछ । अध्ययनबाट प्राप्त तथ्यका आधारमा अध्ययन सम्बन्धि प्रतिबेदन तयार गर्न कार्य क्षेत्रगत शर्त बमोजिम आवश्यक टेबल स्पष्ट रुपमा तयार पारी स्वास्थ्य सेवा बिभाग, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा टेकुमा पेश गर्नुपर्नेछ ।

१.३ सिलबन्दी दरभाउपत्र दातालाई निर्देशन: प्रस्ताबीत सामुदायिक स्वास्थ्य इकाईको प्रभावकारिता अध्ययन कार्य गर्ने प्रस्ताब पेश गर्दा निम्न कुराहरु स्पस्ट रुपमा खुलाई पेश गर्नु पर्नेछः-

क) परामर्शदाता / फर्म / सस्थाले गरेको अध्ययन सम्बन्धि अनुभव

| क्र.स. | अध्ययन कार्यको विवरण | | अध्ययन अनुसन्धान कार्य अबधि | अध्ययन अनुसन्धान कार्यको रकम | अध्ययन अनुसन्धान कार्य गरेको कार्यालय बाट प्राप्त कागजातको प्रतिलिपि |
|---|---|---|---|---|---|
| | अध्ययन अनुसन्धान कार्य गरेको सस्थाको नाम | अध्ययन अनुसन्धान को बिषय | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ख) प्रस्ताबीत मुख्य जनशक्तिको वैयक्तिक विवरण:

| नाम, थर | योग्यता | अध्ययन अनुसन्धान सम्बन्धि अनुभव र शैक्षिक योग्यताको प्रतिलिपिहरू | नीजले काम गर्न सहमत छु भनी गरेको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

ग) प्रस्ताबमा निम्न कुराहरु स्पष्टरुपमा खुलाउनु पर्नेछ

- अध्ययन अनुसन्धान कार्य सम्पादन गर्ने तरिका / कार्यविधि एवं प्रस्तावित अध्ययन अनुसन्धान कार्यको Methodology सम्बन्धी बिषयहरु ।
- अध्ययन अनुसन्धान कार्य गर्ने रणनीति
- अध्ययन अनुसन्धान कार्यमा संलग्न हुने कर्मचारी परिचालन गर्ने रणनीति
- अध्ययन अनुसन्धान कार्यबाट प्राप्त हुने टेबलहरु
- प्रस्ताब आह्वानका लागि प्रकासित सूचनामा उल्लेखित कुराहरु
- TOR मा उल्लेखित बिषयहरु
- समय समेत उल्लेख भएको कार्य तालिका र सो अनुरूपको प्रगति विवरण
- प्रस्ताब मूल्यांकन गर्ने आधार बुदा न. १.६ संग सम्बन्धीत सबै कुराहरु

१.४ प्रस्तावदाताले प्रस्ताब पेश गर्ने प्राबिधिक र आर्थिक प्रस्ताब अलग अलग खाममा राखी शिलबन्दी गरि प्रत्यक खाम को बाहिर कुन प्रकारको प्रस्ताब हो, सो उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुटै खामबन्दी गरी पेश गर्नुपर्ने छ ।

१.५. प्राबिधिक प्रस्ताब र आर्थिक प्रस्ताब मूल्यांकनको भार निम्न अनुसार हुनेछ:

क) प्राबिधिक प्रस्ताब: ८० प्रतिशत अंक

ख) आर्थिक प्रस्ताब: २० प्रतिशत अंक

१.६ प्राबिधिक प्रस्ताब मुल्यांकन गर्ने आधार र अंक भार:

क) परामर्शदाताको अध्ययन अनुसन्धान बिषयको परामर्श सम्बन्धी कामको अनुभव १० प्रतिशत । (सबै अनुभवको पुष्ट्याई गर्ने कागजात अनिबार्य रुपमा पेश गर्नुपर्ने छ)

ख) परामर्शदाताको प्रस्तावित अध्ययन कार्य संचालन बिधि र कार्य योजना (Methodology and Work plan) ४० प्रतिशत ।

ग) मुख्य मुख्य जनशक्तिको योग्यता र अनुभव ४५ प्रतिशत (शैक्षिक योग्यता र अनुभवको पुष्ट्याई गर्ने कागजात अनिबार्य रुपमा पेश गर्नुपर्ने छ)

घ) क्षमता अभिवृद्धि तथा शिप विकासको सम्भाव्यता ५ प्रतिशत

- प्राबिधिक प्रस्ताबमा न्युनतम ७० प्रतिशित अंक प्राप्त गरेको परामर्शदाताहरुको मात्र आर्थिक प्रस्ताब खोलिनेछ ।

१.७ परामर्श सेवा खरिद सम्झौताको शर्तहरु: संलग्न कार्य क्षेत्रगत सर्तहरुमा उल्लेख भए अनुसार हुनेछ

१.8 प्रस्ताब पेश गर्नुपर्ने स्थान, मिति र समय:

क) स्थान: स्वास्थ्य सेवा बिभाग, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा,टेकु, काठमाडौँ

ख) मिति: सूचनामा उल्लेख गरेको मिति भित्र ।

ग) समय: सूचनामा उल्लेख गरेको कार्यालय समय भित्र ।

१.९. प्रस्ताब छनोट गर्ने बिधि: गुणस्तर र लागत विधिको आधारमा प्रस्तावको छनोट गरिने छ

१.१० स्वार्थ बाझिने प्रस्ताब उपर कारबाही गरिने छैन । नियम बिपरित गरेमा प्रचलित कानून बमोजिम कारबाही गरिने छ ।

१.११ सार्बजनिक निकायले प्रस्ताब सम्बन्धि कारबाही गर्दा गरेको त्रुटी वा निर्णय बिरुद्ध पुनराबलोकन का लागि सार्बजनिक खरीद ऐन २०६३ को दफा ४७ बमोजिम निबेदन दिन सकिने छ

१.१२ तोकिएको अबधि भित्र प्राप्त हुन आएका प्रस्ताबहरु सम्बन्धित प्रस्ताब्दाताहरुको रोहबर मा प्रस्ताब पेश गर्ने अन्तिम मितिको भोलि पल्ट दिनको ठिक १ बजे स्वास्थ्य सेवा बिभाग, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा टेकुमा खोलिने छ । सो दिन सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिनको ठिक १ बजे खोलिने छ । प्रस्ताब्दाताहरु उपस्थित नभएमा पनि प्रस्ताब खोल्न बाधा पर्ने छैन ।

१.१३ प्राबिधिक प्रस्ताब सर्ब प्रथम खोलिने छ र प्राबिधिक प्रस्तावको मूल्यांकनबाट कम्ति मा ७० प्रतिशत अंक प्राप्त गर्ने प्रस्ताब्दाताहरुको मात्र आर्थिक प्रस्ताब खोलिने छ । आर्थिक र प्राबिधिक प्रस्ताबमा सबै भन्दा बढी अंक प्राप्त गर्ने प्रस्ताबदाताको प्रस्ताब अध्ययन कार्यको लागि अन्तिम छनोट गरिने छ ।

२. आर्थिक प्रस्ताब पेश गर्दा निम्न लिखित कुराहरु खुलाउनुपर्ने छ:

आर्थिक प्रस्ताब:

| कामको विवरण | प्रस्तावित सेवा शुल्क | | | | | |
|---|---|---|---|---|---|---|
| | भ्याट बाहेक | | १३% मु.अ.क.रु. | | कूल जम्मा रकम रू | |
| | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| सामुदायिक स्वास्थ्य इकाईको प्रभावकारिता अध्ययन | | | | | | |

प्रस्ताबदाताको दस्तखत:

प्रस्ताब पेश गर्ने संस्था / फर्म को नाम:

प्रस्ताब पेश गर्ने संस्था / फर्म को ठेगाना:

मिति:

आर्थिक र प्राबिधिक प्रस्ताब पेश गर्ने तरिका:

१. माथिको नमुना बमोजिमको बिबरणहरु बनाई प्रत्यक खाममा प्रस्ताबको बिषय र संस्थाको नाम समेत उल्लेख गरी आर्थिक र प्राबिधिक प्रस्ताब भिन्दाभिन्दै खाममा छुट्टा छुट्टै सिलबन्दी र सही छाप गरी सो खामहरुलाई एउटा खाममा राखी पुनः सिल्बम्दी र सहिछाप गरी पेश गर्नुपर्नेछ

२. (क) प्रस्ताबदाताले सम्झौता गरेको ७ दिन भित्र अध्ययन कार्यको बिस्तृत कार्य योजना बनाई पेश गर्नुपर्नेछ

(ख) प्रस्ताबदाताले अध्ययन कार्य पश्चात TOR मा उल्लेख गरे बमोजिमको मस्यौदा टेबल योजना,अनुगमन तथा मूल्यांकन शाखामा पेश गर्नु पर्नेछ । उक्त मस्यौदा टेबल प्राबिधिक कार्य समितिमा छलफल गरि उक्त समितिले अध्ययन कर्तालाई आवश्यक सुझाब प्रदान गर्नेछ । उक्त सुझाब अनुसार अध्ययन प्रतिबेदन परिमार्जित गरी सम्झौता बमोजिम तोकिएको समय भित्र अन्तिम अध्ययन प्रतिबेदन पेश गर्नु पर्ने छ ।

३. प्रस्ताब सम्बंघी कागजातको बारेमा जानकारी लिन चाहेमा स्वा.से.बि., प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको योजना,अनुगमन तथा मूल्यांकन शाखाबाट प्राप्त गर्न सकिने छ

४. परामर्शदाताले प्रस्तावीत काम Sub-Contract मा दिन पाइने छैन

५. प्रस्ताबदाताको प्रस्ताब स्वीकृत भै सम्झौता भएमा स्वा.से.बि., प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखासंग उपलब्ध भएका आबस्यक सूचनाहरु परामर्शदातालाई उपलब्ध गराउन सकिने छ, तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना भने दिन कर लाग्ने छैन । अध्ययन कार्यको लागि आबस्यक उपकरणहरु अध्ययन कर्ता आफैले व्यवस्था गर्नुपर्नेछ । स्वा.से.बि., प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखामा कार्यशाला गराउन चाहेमा हल गराउन सकिनेछ ।

६. प्रस्ताब पेश गर्नु अघि सामान्यतया प्रस्ताबदाताहरु सम्बन्धी बैठक हुने छैन ।

७. प्रस्ताबदाताले पेश गरेको प्रस्ताब, प्रस्ताब पेश गर्ने अन्तिम मितिबाट ६ महिना सम्मको लागि मान्य हुने छ ।

८. प्रस्ताबीत खरीद कारबाही अन्तर्गत सिर्जना हुने कुनै मालसामान आपूर्ति, निर्माण कार्य, अन्य सेवा वा परामर्श सेवासम्बन्धी काम परामर्शदात्री फर्म वा नीजसंग सम्बद्ध व्यक्ति वा संस्थालाई दिदा प्रस्तावित परामर्श सेवासंगको स्वार्थ बाझिन सक्छ भन्ने सार्बजनिक निकायलाई लागेमा सो प्रस्ताबदाता वा व्यक्तिलाई तेस्तो काम नदिन सकिने छ ।

९.	प्रस्तावदाता वा नीजको जनशक्तिले निमयानुसर तिर्नुपर्ने कर बुझाउने दायित्व परामर्शदाता स्वयंको हुनेछ । अन्य कुराहरुमा दुबिधा भएमा यस स्वा.से.बि., प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखामा सम्पर्क गर्न सकिनेछ ।

१०.	प्रस्ताब पेश गर्दा अंग्रेजी वा नेपाली जुन भाषामा पनि पेश गर्न सकिनेछ ।

११.	स्वा.से.बि., प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाले प्रस्ताब सम्बन्धी कागजात संशोधन गर्न चाहेमा सबै प्रस्तावदाता वा प्रस्ताब खरिद गर्ने संस्था अथवा सम्बन्धित व्यक्तिलाई जानकारी दिई संशोधन गर्न सक्नेछ ।

१२.	प्रस्ताब पेश गर्ने बिधि:-

प्रस्ताब पेश गर्दा आर्थिक र प्राबिधिक प्रस्ताबहरु भिन्न बिन्न्नै खाम भित्र सिलबन्दी गरी खामको बाहिर "प्राबिधिक प्रस्ताब" र "आर्थिक प्रस्ताब" भनि स्पस्ट रुपमा उल्लेख गरी दुइ भिन्दा भिन्दै सिलबन्दी खामलाई एउटा खामभित्र राखी सिलबन्दी गरी खामको बाहिर "सामुदायिक स्वास्थ्य ईकाईको प्रभावकारिता अध्ययन "कार्यको आर्थिक र प्राबिधिक प्रस्ताब" भनी पेश गर्नु पर्नेछ ।

१३.	प्रस्ताब खोल्ने कार्यबिधि:

उपस्थित भएका प्रस्ताबदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा प्रस्तावको मूल खाम खोलिनेछ । प्रस्ताबदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएको कारणले प्रस्ताब खोल्न बाधा पर्ने छैन । तत्पश्चात आर्थिक र प्राबिधिक प्रस्ताबहरु भएका खामहरु छुट्याई प्राबिधिक प्रस्ताबहरु मात्र मूल्यांकनकोलागि खोलिनेछ । प्राबिधिक प्रस्ताबमा न्यूनतम ७० प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने प्रस्ताबदाताहरुको मात्र आर्थिक प्रस्ताब मूल्यांकनको लागि खोलिने छ

१४.	तोकिएको कार्य गर्ने सिलसिलामा निम्नलिखित कुराहरु खोलि प्राबिधिक प्रस्ताब पेश गर्नु पर्ने छ । यसलाई १०० पूर्णांक मा निम्नानुसार बिभाजन गरीएको छ ।

| | | |
|---|---|---|
| a. | प्रस्तावित सेवाको निमित्त आबस्यक अनुभब | १० अंक |
| b. | कार्य सम्पादन गर्ने तरीका, कार्यविधि, समय तालिका | ४० अंक |
| c. | प्रस्तावित जनशक्तिको योग्यता र अनुभब | ४५ अंक |
| d. | क्षमता अभिवृद्धि तथा शिप विकास को सम्भाव्यता | ५ अंक |

१५.	प्राबिधिक र आर्थिक प्रस्ताबको मूल्यांकन गरी दुवै प्रस्तावको अंक संयुक्त रूपमा मूल्यांकन गरी सबै भन्दा बढी अंक पाउने प्रस्ताब्दाताको प्रस्ताब स्वीकृत गरी कार्य गर्ने जिम्मेवारी दीइनेछ ।

१६.	आर्थिक प्रस्तावको मूल्यांकन गर्दा छनौट भएका प्राबिधिक प्रस्ताबहरु मध्ये सबै भन्दा कम कबूल गरेको अंकलाई आर्थिक प्रस्तावलाई छुट्टाइएको अंक भारले गुणन गरी मूल्यांकन गर्नु पर्ने प्रस्ताब्दाताको कबोल गरेको अंकले भाग गर्दा आउने अंक आर्थिक प्रस्तावको प्राप्तांक हुनेछ ।

१७.	यो अध्ययनको कुनै भाग यस महाशाखाको स्वीकृति नलिई कसैलाई दिन वा प्रकाशित गर्न पाइने छैन ।

१८.	गोपनियता सम्बन्धी शर्त:

मूल्यांकनको क्रममा कुनैपनि प्रस्ताबदाताको विवरण, प्रस्ताब गरेको रकम आदिका बारेमा अनाधिकृत रूपमा सार्बजनिक गर्न पाईनेछैन । यस बिषयमा आबस्यकता अनुसार स्वा.से.बि., प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाले कुनै व्यहोराका बारेमा स्पस्ट पार्न चाहेमा पत्राचार गरी वा अन्य माध्यम बाट पुस्ट्याई माग गर्न सक्नेछ ।

१९.	अध्ययन बापतको रकम भुक्तानी रनिंग बिलको आधारमा ३ पटक सम्म गरी दिइने छ । पहिलो कीस्ता सम्झौता पछी इन्सेप्शन रिपोर्ट पेश गरेपछि ३०%, दोश्रो कीस्ता फिल्ड कार्य / तथ्यांक संकलन गरेपछि ५०% र तेश्रो कीस्ता अन्तीम प्रतिबेदन पेश गरेपछि २०% रकम भुक्तानी गरिने छ । यसरि रकम भुक्तानी गर्दा नियमानुसार लाग्ने कर र धरौटी बापतको रकम कटाई भुक्तानी गरिने छ ।

□□□□□□□